# आ.व.२०७८।०७९ मा कार्य आदेश नलिई कार्य सम्पन्न भई भुक्तानीको लागि पेश भएका भुक्तानी दिन बाँकी योजनाहरुको भुक्तानी सम्बन्धमा गठित कार्यदलको प्रतिवेदन

२०८०, जेष्ठ-२५

मितिः २०८०।०२।२५

श्री नगर प्रमुख ज्यू,

जीतपुरसिमरा उपमहानगरपालिका,

जीतपुर, बारा ।

विषयः कार्यादेश नभई कार्यसम्पन्न भएका योजनाहरुको भुक्तानी सम्बन्धमा गठित कार्यदलको प्रतिवेदन ।

आ.व.२०७८।०७९ मा वडा अध्यक्षको मौखिक निर्देशनमा विभिन्न वडाहरुमा सम्झौता तथा कार्यादेश बिना नै १८ वडा योजनाहरुको कार्य सम्पन्न भई भुक्तानीको लागि नगर कार्यपालिकाको योजना तथा बजेट शाखामा पेश भएकोमा भुक्तानीको कानुनी आधार नभएको र योजना कार्यान्वयन तथा भुक्तानीको लागि आवश्यक पर्ने प्रक्रिया र कागजात पुरा नभएको कारण भुक्तानी नभई निर्माण व्यवसायी र उपभोक्ता समिति बाट भुक्तानीको लागि अनेकन पटक निवेदन पेश भएको हुदाँ मिति २०७९ साल माघ ५ गते बसेको नगर कार्यपालिकाको सातौं बैठकको निर्णयानुसार गठित कार्यदललाई प्राप्त कार्यविवरण बमोजिम अध्ययन तथा स्थलगत अनुगमन निरिक्षण गरि सिफारिस सहितको प्रतिवेदन यसैसाथ संलग्न राखि पेश गरेका छौं ।

<u>प्रतिवेदक</u>

श्री सुकुमाया कुमारी

श्री दिपेन्द्र ~~बहादुर~~ चौधरी

श्री बुद्ध कुमारी अधिकारी

श्री मोतिलाल राउत यादव

श्री संजय प्रसाद पटेल

श्री राम नरेश यादव

श्री बालाराम खड्का

# भाग १- परिचय

## नगरको पृष्ठभूमीः

नेपालको मध्य तराई क्षेत्रमा बुद्धकाल भन्दा पहिले देखिने नारायणीको पूर्व टिष्टा पारी सम्म र चुरे देखि हालको मध्य बिहार सम्म मिथिला गणराज्य रहेको थियो। नारायणीको पश्चिम राज्यतिर नगर राज्यहरू कोलिय र शाक्य गणराज्यहरूको एउटा श्रृङ्खलाने सुदुर पश्चिम सम्म अवस्थित थियो। बुद्धको जन्मसँग गासिएको कपिलवस्तु, लुम्बनी र रामग्राम जस्ता संमृद्ध नगर राज्य तथा मिथिला रामग्राम जस्ता समबृद्ध र उन्नतीमा साकेत (अवध, अयोध्या) अधिराज्यका अधिपति प्रशेनजितका सन्तान र मगध अधिराज्यका सम्राट अज्ञात सत्रुको कुदृष्टिले बैशालीका लिच्छवी पावापुरीका मल्लहरू संगसंगै मिथिला देवी कपिलबस्तुसम्म ठुला साना सबै गणराज्यको अवनती तथा विकास क्रम शुरू भएको देखिन्छ । इतिहासको पाना पल्टाउने हो भने पृथ्वीनारायण शाहको नेपाल एकिकरण अभियानमा बृटीश इस्ट ईन्डीया कम्पनीले पटक पटक बिशाल नेपाल माथि आक्रमण गर्दा अग्रेजलाई यहि जीतपुरसिमरा उप-महानगरपालिका भित्र पर्ने जीतपुरका राज्य शैन्यले पराजित गर्न सहयोग गर्नुका साथै तिनका खरखजना पनि राज्य कोषमा दाखिला गरेका थिए। पृथ्वीनारायण साहले नेपालको एकिकरण अभियानमा अभियान बिथोल्न गरेको आक्रमणको बिरुद्ध जीतपुरका जेठ रैयत कुर्मी सरदार महतोको नेतृत्वमा स्थानीय नागरिकहरूले परम्परागत हतियारको भरले अग्रेजी सेनालाई पराजीत गरी तोप र बन्दुक हात पारेका थिए । जीतपुर संग टासीएको गढीमाईको प्राचिन पुजा स्थल आजपनि कायम छ । जीतपुर र परवानीपुर बीच भई बग्ने खोला किनारमा २००७ सालको कान्तिमा मुक्ति सेनाले राणाको फौजसित कठिन संघर्ष गरेको मूकसाक्षी परवानीपुर रेल्वे स्टेसन आज पनि कायम छ ।

जीतपुर र सिमरा क्षेत्रलाई आधार बनाई जीतपुर सिमरा उप-महानगरपालिकाको नामाकरण गरिएको हो (सिमाना) पूर्वमा निजगढ न. पा. र कोल्हवी न. पा., पश्चिममा पर्सा जिल्ला, उत्तरमा मकवानपुर जिल्ला र दक्षिणमा परवानीपुर गाउँपालिका र कलैया उपमाहानगरपालिका रहेको छ । जीतपुरसिमरा उपमाहानगरपालिका बारा जिल्लाको नयाँ उपमाहानगरपालिकाको रूपमा २०७४ सालमा स्थापना भएको उपमाहानगरपालिका हो । बारा जिल्लाको सदरमुकाम कलैया देखि देखि ४ कि. मी. दुरीमा रहेको छ । जीतपुरसिमरा उपमाहानगरपालिका कार्यालय वडा नं. ७ जीतपुरमा रहेको छ । याहाँ २९२११ घरधुरी र १९७८५० जनसंख्या रहेको छ । साबिकको पिपरासिमरा गाबिस, भवानीपुर जीतपुर गाबिस छातापिप्रा गाबिस, फत्तेपुर गाबिस, डुमर वाना

गाविस मिलेर गढीमाइ नगरपालिका बनेको छ । सोही गढीमाइ नगरपालिकामा हरैया गाबिसको वडा नं १, मनहर्वा गाबिसका १, २, ३, ७, ८, ९ गरी ५ वटा वडाहरू, इनर्वासिरा गाबिस, अमलेखगन्ज गाबिस, रामपुर टोकनी गाबिसको वडा नं ३, प्रष्टोका गाबिसको १ र २ वडाहरू थपिएर जीतपुर सिमरा उपमहानगरपालिका बनेको हो ।

## अध्ययनको पृष्ठभूमीः

सिमित साधन र स्रोतका बाबजुत अनेकन आवश्यकताहरुलाई सम्बोधन गर्नु नेपालको संविधान बमोजिमका तीनै तहका सरकारको दायित्व र कर्तव्य हो । जनताका आवश्यकता र चाहना अनेकन छन, निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो घोषणापत्र मार्फत गरेका प्रतिबद्धताहरु धेरै हदसम्म पुरा भएको देखिदैन र गर्न सकिएको पनि छैन । स्थानीय तहका जनप्रतिनिधिहरु स्थानीय जनताको सुख दुख तथा आवश्यक्ता र पिडासंग साक्षात्कार गरिरहेका हुन्छन । स्थानीय सरकार तथा जनप्रतिनिधिहरु समक्ष आम जनताले आफ्ना आवश्यक्ताहरु, चाहानाहरु, पिडाहरुलाई सहयोग, योजना, आयोजना तथा कार्यक्रम मार्फत माग गरिरहेका हुन्छन । जनप्रतिनिधिहरु आफ्ना जनताको आवश्यक्ता पुरा गरिदिने, सुख-दुखमा साथ सहयोग गर्ने र पिडामा मलम लगाउंने प्रतिवद्धताको बाधक भनेको सिमित रुपमा रहेको साधन श्रोत हो । सिमित साधन श्रोतका बाबजुत पनि उच्चतम् उपलब्धी प्राप्त गर्ने उपाय अबलम्बन गर्नु आजको आवश्यक्ता हो । स्थानीय सरकारले आफ्नो साधन स्रोतको आधारमा बजेट तर्जुमा गरी खर्च गर्नु आज नितान्त आवश्यक छ । आम्दानी र श्रोत अनुसारको खर्च गर्नको लागि पनि खर्च व्यवस्थापन सम्बन्धि संघ, प्रदेश र स्थानीय तहमा बनेका कानुनी व्यवस्थाको परिपालना गर्नु पर्ने हुन्छ । यसरी खर्च गर्ने प्रयोजनमा प्रचलित कानुनी व्यवस्थाको पालना नगर्दा खर्च गर्ने अख्तियार प्राप्त अख्तियारीलाई कार्य सगै भुक्तानी गर्न कठिन अवस्थाको सिर्जना हुन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली,२०६५, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७, जीतपुरसिमरा उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७६, जीतपुरसिमरा उपमहानगरपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ लगायत कानुनहरुले गरेको व्यवस्था बमोजिम मात्र कुनै पनि तहको सरकारले खर्च गर्न पाउछ । हामी सहकार्य, समन्वय र सह अस्तित्वको आधारमा स्थापित संघीय लोकतान्त्रीक गणतन्त्रातमक राज्य व्यवस्थामा शासन प्रशासन संचालन गरिरहेको अवस्थामा संघीय कानुन र प्रादेशिक कानुनहरुको व्यवस्थालाई कार्यान्वयन गर्ने र संघ र प्रदेश कानुनसंग नबाझिने गरि स्थानीय तहले कानुन बनाई तीनै तहका कानुनको परिपालना गरि सुशासनको प्रत्याभूति आम जनतालाई

गराउनु हामी सबैको दायित्व र कर्तव्य हो । आर्थिक कार्यविधि सम्बन्धी कानुन र यस जीतपुरसिमरा उपमहानगरपालिकाको आन्तरिक नियन्त्रण सम्बन्धी कानुन तथा कार्यविधिहरुले योजना/आयोजना तथा कार्यक्रम संचालनलाई निम्न प्रक्रिया अवलम्बन गरि कार्यान्वयन गर्न सकिने व्यवस्था गरेको छः-

क. मालसमान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दाः-

१. अन्तराष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान गरी,

२. राष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान गरी,

३. सिलबन्दी दरभाउपत्र आह्वान गरी,

४. सोझै खरिद गरी,

५. उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई,

६. अमानतबाट,

७. एकमुष्ठ दर विधिबाट,

८. क्याटालग सपिङ खरिद विधिबाट,

९. लिमिटेड टेन्डरिङ खरिद बिधिबाट,

१०. बाई ब्याक मेथड खरिद बिधिबाट

ख. परामर्श सेवा खरिद गर्नु पर्दाः-

१. प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी,

२. सोझै वार्ताबाट ।

यसरी उल्लेखित काम वा खरिदको प्रकृति अनुसार विभिन्न विधिको प्रयोग गरि निर्माणको कार्य वा खरिद गर्नु पर्दा कानुनी व्यवस्थाको आधारमा देहायका प्रक्रियाहरु अबलम्बन गर्नु पर्ने देखिन्छः-

१. स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेको आयोजना/योजना तथा कार्यक्रम हुन पर्ने,

२. स्वीकृत आयोजना/योजना तथा कार्यक्रमहरुको खरिद योजना तयार भएको हुन पर्ने,

३. आयोजना/योजनाको हकमा लागत अनुमान तयार गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनु पर्ने र कार्यक्रमको हकमा प्रस्तावना तयार तथा स्वीकृत भएको हुनु पर्ने,

४. लागत अनुमान स्वीकृत वा कार्यक्रमको प्रस्तावना स्वीकृत पश्चात् खुला प्रतिस्पर्धा तथा उपभोक्ता समिति वा लाभग्राही समुदायको गठन गर्नु पर्ने,

५. आयोजना/योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने आपुर्तिकर्ता वा निर्माण व्यवसायी वा परामर्शदाता वा अन्य पक्ष वा उपभोक्ता समिति /लाभग्राही समुदाय र सार्वजनिक निकाय (नगरपालिका) बीच दुई पक्षिय सम्झौता हुनु पर्ने,

६. आपुर्तिकर्ता वा निर्माण व्यवसायी वा परामर्शदाता वा अन्य पक्ष वा उपभोक्ता समिति / लाभग्राही समुदायले अधिकार प्राप्त अधिकारीबाट कार्य गर्नको लागि कार्यादेश लिएको हुन पर्ने,

७. उपभोक्ता समिति वा लाभग्राही समिति बाहेक अन्य आपुर्तिकर्ता वा निर्माण व्यवसायी वा परामर्शदाता वा अन्य पक्षले कार्य सम्झौता गर्दा कानुनले तोके बमोजिम कार्यसम्पादन जमानत सार्वजनिक निकायलाई पेश गर्नु पर्ने,

८. कार्य सम्पन्न गर्नु पर्ने अवधि भित्र कार्य गरी भुक्तानी प्रक्रियाको कार्य सम्पन्न प्रतिवेदन, सार्वजनिक परिक्षण, अनुगमन प्रतिवेदन, प्राविधिक मुल्याङ्कन, प्राविधिक प्रतिवेदन, बिल भरपाई र विभिन्न चरणका फोटोहरु र वडा समितिको सिफरिस सहित भुक्तानी माग गर्नु पर्ने ।

उल्लेखित चरणका प्रक्रिया पुरा नगर्दा सार्वजनिक निकायले भुक्तानी गर्न नसक्ने हुदाँ नगर भित्रका राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, जनप्रतिनिधि, नागरिक समाज, बुद्धिजिविहरु तथा निर्माण व्यवसायी, परामर्श दाता, आपुर्तिकर्ता, उपभोक्ता समिति वा लाभग्राही समिति वा टोल विकास समितिका पदाधिकारीहरुलाई सचेतना जागृत गराउनु वा तालिम तथा अन्तरक्रिया कार्यक्रम राख्नु नितान्त आवश्यक देखिन्छ ।

**समस्याः**

आ.व.२०७८।०७९ मा वडा अध्यक्षको मौखिक निर्देशनमा विभिन्न वडाहरुमा सम्झौता तथा कार्यादेश बिना नै १८ वडा योजनाहरुको कार्य सम्पन्न भई भुक्तानीको लागि नगर कार्यपालिकाको योजना तथा बजेट शाखामा पेश भएकोमा भुक्तानीको कानुनी आधार नभएको र योजना कार्यान्वयन तथा भुक्तानीको लागि आवश्यक पर्ने प्रक्रिया र कागजात पुरा नभएको

कारण भुक्तानी नभई निर्माण व्यवसायी र उपभोक्ता समिति बाट भुक्तानीको लागि अनेकन पटक निवेदन पेश भएको हुदाँ मिति २०७९ साल माघ ५ गते बसेको नगर कार्यपालिकाको सातौं बैठकले तपसिलका १८ वटा योजनाहरुको भुक्तानीका सम्बन्धमा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १४ बमोजिम ७ सदस्यीय कार्यदल गठन भएको छ ।

तपसिलः

**सम्झौता बिना काम सम्पन्न भएको योजनाहरु**

| क्र.स. | योजनाको नाम | वडा नं | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व कार्यालय देखि उत्तर मर्मत संभार गर्ने | २ | १५०,०००.०० | पिसिआर मेसिन खरिदमा विनियोजित रु.५ लाखबाट रकमान्तर गरेको । |
| २ | छठियाघाट भर्याङ निर्माण कार्य | १२ | ५,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| ३ | छठीमाई घाटको कल्भर्ट निर्माणमा माटो पुर्ने | १२ | ५,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| ४ | ईमलिप्रति टोलको फिल्ड र छठघाटमा माटो पुर्ने | ८ | ५,००,०००.०० | ईमिलिप्रति टोलमा विद्युतिकरण वडा नं. ८ को आ.व. २०७७।०७८ बाट रु २ लाख थप । |
| ५ | बाटो स्तरोन्नती तथा बाटो मर्मत | १४ | ३,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| ६ | वडा भरि बाटो ममर्त र सम्भार (सानो मटियर्वा, ठुलो मटियर्वा, मथुरापुर जाने बाटो ) | १९ | ६,८०,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| ७ | घण्टीमाई टोलमा सडक ढलान | ४ | ७,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत योजनामा नपरेको |
| ८ | वडा भरि सडक तथा ग्रावल मर्मत | २० | ५,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| ९ | १२ नं. वडा देखि गुलरिया टोल हुदै वडा नं. १९ सम्म बाटो ग्रेवल तथा मर्मत | २० | ५,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| १० | फत्तेपुर वडा भरि बाटो ग्राभेल र मर्मत | १२ | ४,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |

| | | | | |
|---|---|---|---|---|
| ११ | वडा भरि बाटो मर्मत र सम्भार(इनर्वासिरा, गुलेरिया बन्जरिया जाने बाटो) | १९ | ७,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| १२ | बाटो मर्मत तथा ग्रेवल वडा भरी | १५ | ८,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| १३ | सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहरमैला व्यवस्थापन | १५ | ५,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| १४ | दुर्गा मन्दिर थानीमाई मन्दिरमा ट्रस निर्माण | १ | ५,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| १५ | सडक पोलबत्ती मर्मत तथा जडान वडा भरी | २० | २,१०,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजना |
| १६ | महादेव मन्दिर देखि उत्तर पश्चिम र सुवासको घर माथि सम्म नाला निर्माण | १ | १०,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजनामा परेता पनि सातौ नगर सभाबाट बजेट व्यवस्था भएको । |
| १७ | महादेव मन्दिरमा अधुरो पर्खाल र गेट निर्माण | १ | ५,००,०००.०० | आ.व.२०७८।०७९ को स्वीकृत वडा स्तरिय योजनामा परेता पनि सातौ नगर सभाबाट बजेट व्यवस्था भएको । |
| १८ | विभिन्न वडाहरुमा हुमपाईप खरिद तथा व्यवस्थापन खर्च | | ७,५०,०००.०० | |
| | जम्मा | | ८८,६५,०००.०० | |

उल्लेखित योजनाहरुको भुक्तानी नहुनुका कारणहरु देहाय अनुसार छनः-

क. आ.व. २०७८।०८० मा २ अर्ब ३८ करोड ६३ लाख विनियोजन मध्ये १ अर्व ५ करोड ७४ लाख चालू तर्फ र १ अर्व ३२ करोड ८९ लाख पुजिगत तर्फ बजेट विनियोजन भएको देखिन्छ । जुन विनियोजन बजेटमा ५३ करोड १५ लाख ६० हजार रकम आयमा अपुग भई घाटा बजेट भएको देखिन्छ । जस अनुसार २४ वटै वडाहरु र नगर स्तरिय पुजिगत बजेटको ६०% मात्र खर्च गर्न सकिने र ४०% खर्च गर्न नसकिने गरि खर्च कटौती गर्ने निर्णय समेत कार्यपालिकाबाट भएको छ ।

यसरी खर्च कटौती हुदाँ तत्कालिन जनप्रतिनिधिहरुले आफ्नो वडा स्तरिय बजेट खर्च गर्न नसक्नु यो समस्याको प्राथमिक कारण हो ।

ख. २०७९ जेष्ठ र असार महिनामा हुन सक्ने डुवान तथा भित्री कृषि सडकको बाटो घाटो भत्किने बिग्रने समस्या मौसमको कारणले आई जनताको माग बमोजिमको कार्य गर्नु गराउनु तत्कालिन वडा अध्यक्ष तथा वडा समितिको दायित्व र कर्तव्य पनि भएकोले यसरी उल्लेखि प्रक्रिया अपनाउदा ढिल सुस्ति हुने बाध्यताका कारण पनि मौखिक निर्देशनमा काम गराउनु दोस्रो समस्या हो ।

ग. यसरी अनुमानित आन्तरिक श्रोतको अपुग भएपछि पुजिगत बजेटको ४०% बजेट कटौती गर्दाको कारणले पनि कुनै कुनै वडा अध्यक्षले मेरो वडाको सिलिङको बजेट कसले कसरी कटौती गर्छ भनेर पनि मौखिक आदेशमा काममा लगाउनु अर्को समस्या हो ।

घ. प्रचलित कानुनले गरेका व्यवस्थाहरुको बारेमा जनप्रतिनिधिहरुलाई जानकारी नहुनु पनि एक अर्को समस्या हो ।

ङ. समयमा कार्यदिश, प्राविधिक ल.ई, प्राविधिक मुल्याङ्कन लगायत आवश्यक कागजातहरु पेश नभएको ।

## कार्यदल र कार्यविवरणः

आ.व.२०७८।०७९ मा वडा अध्यक्षको मौखिक निर्देशनमा विभिन्न वडाहरुमा सम्झौता तथा कार्यदिश बिना नै १८ वडा योजनाहरुको कार्य सम्पन्न भई भुक्तानीको लागि नगर कार्यपालिकाको योजना तथा बजेट शाखामा पेश भएकोमा भुक्तानीको कानुनी आधार नभएको र योजना कार्यान्वयन तथा भुक्तानीको लागि आवश्यक पर्ने प्रक्रिया र कागजात पुरा नभएको कारण भुक्तानी नभई निर्माण व्यवसायी र उपभोक्ता समिति बाट भुक्तानीको लागि अनेकन पटक निवेदन पेश भएको हुदाँ मिति २०७९ साल माघ ५ गते बसेको नगर कार्यपालिकाको सातौं बैठकले तपसिलका १८ वटा योजनाहरुको भुक्तानीका सम्बन्धमा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १४ बमोजिम ७ सदस्यीय कार्यदल गठन तपसिल अनुसार गठन गरिएको छ ।

तपसिलः

क. श्री सुकुमाया कुमारी – संयोजक

ख. श्री दिपेन्द्र बहादुर चौधरी – सदस्य

ग. श्री बुद्ध कुमारी अधिकारी – सदस्य

घ. श्री मोतिलाल राउत यादव – सदस्य

ङ. श्री संजय प्रसाद पटेल – सदस्य

च. श्री राम नरेश यादव – सदस्य

छ. श्री बालाराम खड्का – सदस्य – सचिव

**कार्यदलको कार्यविवरणः**

१. कार्यदलले यो समस्याको अवस्था विश्लेषण गर्ने,

२. स्थलगत निरिक्षण गरि स्थलगत सर्जमिन मुचुल्का गराउने,

३. आवश्यक निर्णय गरि भुक्तानी गर्ने नगर्ने सम्बन्धमा नगर कार्यपालिकामा सुझाव सहित सिफारिस गर्ने गरी प्रतिवेदन पेश गर्ने।

## भाग २ अवस्था विश्लेषण

स्थलगत अनुगमन निरिक्षण र स्थलगत सर्जिमन मुचुल्काको आधारमा योजना कार्यान्वयन र संचालनको अवस्था तथा योजनाको आवश्यकताहरुलाई देहाय अनुसार उल्लेख गरिएको छ ।

| सि.नं. | योजनाको नाम | वडा नं. | काम भए/नभए को | भुक्तानीको लागि पेश भएको रकम रु. | योजनाको आवश्यक्ता छ वा छैन? | योजना को कामबाट सन्तुष्ट या असन्तुष्ट | भुक्तानी दिने या नदिने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व कार्यालय देखि उत्तर मर्मत संभार गर्ने | २ | हो | १५०,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| २ | छठियाघाट भर्याङ निर्माण कार्य | १२ | हो | ५,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | मुचुल्काबाट कार्य भएको देखिएको । |
| ३ | छठीमाई घाटको कल्भर्ट निर्माणमा माटो पुर्ने | १२ | हो | ५,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| ४ | ईमलिप्रति टोलको फिल्ड र छठघाटमा माटो पुर्ने | ८ | हो | ५,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| ५ | बाटो स्तरोन्नती तथा बाटो मर्मत | १४ | हो | ३,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| ६ | वडा भरि बाटो मर्मत र सम्भार (सानो मटियर्वा, ठुलो मटियर्वा, मथुरापुर जाने बाटो ) | १९ | हो | ६,८०,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| ७ | घण्टीमाई टोलमा सडक ढलान | ४ | हो | ७,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| ८ | वडा भरि सडक तथा ग्रावल मर्मत | २० | हो | ५,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| ९ | १२ नं. वडा देखि गुलरिया टोल हुदै वडा नं. १९ सम्म बाटो ग्रेवल तथा मर्मत | २० | हो | ५,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | फत्तेपुर वडा भरि बाटो ग्राभेल र मर्मत | १२ | हो | ४,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| ११ | वडा भरि बाटो मर्मत र सम्भार(इनर्वासिरा , गुलेरिया बन्जरिया जाने बाटो) | १९ | हो | ७,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| १२ | बाटो मर्मत तथा ग्रेवल वडा भरी | १५ | हो | ८,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| १३ | सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहरमैला व्यवस्थापन | १५ | हो | ५,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| १४ | दुर्गा मन्दिर थानीमाई मन्दिरमा ट्रस निर्माण | १ | हो | ५,००,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| १५ | सडक पोलबत्ती मर्मत तथा जडान वडा भरी | २० | हो | २,१०,०००.०० | थियो | छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |
| १६ | महादेव मन्दिर देखि उत्तर पश्चिम र सुवासको घर माथि सम्म नाला निर्माण | १ | हो | १०,००,०००.०० | थियो | छौं | दिने | आ.व. २०७९/०८० मा बजेट व्यवस्था भई कार्यान्वयन को चरणमा रहेको । |
| १७ | महादेव मन्दिरमा अधुरो पर्खाल र गेट निर्माण | १ | हो | ५,००,०००.०० | थियो | छौं | दिने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | विभिन्न वडाहरुमा हुमपाईप खरिद तथा व्यवस्थापन खर्च | | हो | ७,५०,०००.०० | थियो | ५ छौं | दिने | स्थलगत सर्जिमन मुचुल्काबाट कार्य भएको देखिएको । |

## योजना स्थलको यथार्थ चित्रणः

स्थलगत निरिक्षण गर्दा देखिएका योजना स्थलका फोटाहरु र सर्जिमिन मुचुल्काहरुबाट यो प्रष्ट हुन्छ कि उल्लेखित काम हुदै नभएको नभई काम भएको तर त्यसको नापजाँच प्राविधिक मुल्याङ्कन प्रतिवेदनबाट मात्र एकिन गर्न सकिने अवस्था देखिन्छ ।

## भाग ३ निष्कर्ष र सुझाब

### निष्कर्षः

१. कानुनी प्रक्रिया नपुर्याई गरिने कार्य भुक्तानी योग्य हुदैनन् र त्यसलाई कार्य प्रगतीमा गन्न सकिदैन र सकिदो रहेनछ भन्ने कुराको अवगत यसबाट भएको देखिन्छ ।

२. भवनाले विकास निर्माण गर्न सकिदैन र गर्नु हुदैन भन्ने चेत जागृत यसले हुनु पर्छ । विकास हुन निश्चित प्रक्रिया छ त्यो होः बजेट निर्माण, खरिद प्रक्रिय अवलम्बन र कार्यान्वयन तथा भुक्तानी एवं कार्य सम्पन्न प्रक्रिया ।

३. बुदाँ नं. १ र २ का कुरा हुदाँहुदै पनि स्थलगत अनुगमन तथा स्थानीय जनताको सर्जिमन मुचुल्काको आधारमा तपसिलका योजनाहरुको भुक्तानीको लागि वडा समितिको निर्णय र सिफारिस, प्राविधिकको नाप जाँच तथा प्राविधिक बिल र भरपाईको आधारमा नगर कार्यापाललिकाको बैठकबाट निर्देशन भएमा मात्र भुक्तानीको प्रक्रिया अगाडी बढाउँन सकिने देखिन्छ ।

तपसिलः

| सि.नं. | योजनाको नाम | वडा नं. | भुक्तानीको लागि पेश भएको रकम रु. |
|---|---|---|---|
| १ | आन्तरिक राजश्व कार्यालय देखि उत्तर मर्मत संभार गर्ने | २ | १५०,०००.०० |
| २ | छठियाघाट भर्याङ निर्माण कार्य | १२ | ५,००,०००.०० |

| | | | |
|---|---|---|---|
| ३ | छठ्ठीमाई घाटको कल्भर्ट निर्माणमा माटो पुर्ने | १२ | ५,००,०००.०० |
| ४ | ईमलिप्रति टोलको फिल्ड र छठघाटमा माटो पुर्ने | ८ | ५,००,०००.०० |
| ५ | बाटो स्तरोन्नती तथा बाटो मर्मत | १४ | ३,००,०००.०० |
| ६ | वडा भरि बाटो ममर्त र सम्भार (सानो मटियर्वा, ठुलो मटियर्वा, मथुरापुर जाने बाटो ) | १९ | ६,८०,०००.०० |
| ७ | घण्टीमाई टोलमा सडक ढलान | ४ | ७,००,०००.०० |
| ८ | वडा भरि सडक तथा ग्रावल मर्मत | २० | ५,००,०००.०० |
| ९ | १२ नं. वडा देखि गुलरिया टोल हुदै वडा नं. १९ सम्म बाटो ग्रेवल तथा मर्मत | २० | ५,००,०००.०० |
| १० | फत्तेपुर वडा भरि बाटो ग्राभेल र मर्मत | १२ | ४,००,०००.०० |
| ११ | वडा भरि बाटो मर्मत र सम्भार(इनर्वासिरा, गुलेरिया बन्जरिया जाने बाटो) | १९ | ७,००,०००.०० |
| १२ | बाटो मर्मत तथा ग्रेवल वडा भरी | १५ | ८,००,०००.०० |
| १३ | सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहरमैला व्यवस्थापन | १५ | ५,००,०००.०० |
| १४ | दुर्गा मन्दिर थानीमाई मन्दिरमा ट्रस निर्माण | १ | ५,००,०००.०० |
| १५ | सडक पोलबत्ती मर्मत तथा जडान वडा भरी | २० | २,१०,०००.०० |
| १६ | विभिन्न वडाहरुमा ह्युमपाईप खरिद तथा व्यवस्थापन खर्च | | ७,५०,०००.०० |

**सुझाबः**

कार्यदलले गरेको स्थलगत अनुगमन तथा वस्तुस्थितिको विश्लेषणबाट नगरपालिकालाई देहायका सुझावहरु दिन उपयुक्त देखिन्छः-

१. सार्वजनिक खरिद ऐन/नियमावली, आर्थिक कार्यविधि, नगरपालिकाले जारी गरेका कानुनहरु, प्रदेश तथा नेपाल सरकारका कानुनहरु तथा समय समयमा जारी गरेका परिपत्र निर्देशन एवं कार्यविधि र निर्देशनहरुको परिपालना गर्नु हामी सबै कर्तव्य र दायित्व हो । उल्लेखित कुराहरुको हुबहु परिपालना गरी कार्यान्वयन गर्नु आजको हाम्रो आवश्यक्ता हो । यसर्थ नगरबाट प्रवाह हुने प्रकारका सेवाहरु (सार्वजनिक वा निर्माण) कानुन सम्मत् प्रवाह- गर्न गराउन आवश्यक छ ।

२. प्राप्त आख्तियारीको र आफुले प्राप्त गरेको पदको कानुन सम्मत् सही सदुपयोग गरी आन्तरिक नियन्त्रण प्रणाली, सुशासन, चुस्त दुरुस्त सार्वजनिक सेवा प्रशासन तथा मापणयोग्य, दिगो र टिकाउ विकास एवं नागरिक / नगरवासी प्रति उत्तरदायी स्थानिय सरकारको निर्माण गराउनु आजको यस नगरको लागि पहिलो प्राथमिकता हुनु पर्छ ।

३.सार्वजनिक पद धारण गरेको व्यक्तिहरु (जनप्रतिनिधी तथा कर्मचारी) जनता प्रति उत्तरदायी हुन, जवाफदेहि हुन, निष्पक्ष हुन कानुनी राज्य निर्माणको अवधारणालाई आत्मसाथ गरी कानुन भन्दा कोही माथि नहुने सर्वमान्य सिद्धान्तको अवलम्बन गर्नु आवश्यक छ ।

४. खरिद योजना र खरिद गुरुयोजना बनाएर मात्र योजना तथा कार्यक्रम कार्यान्वयन गराउनु पर्छ ।

५. आवधिक योजना र मध्यमकालिन खर्च योजना बनाई योजना छनौट गर्नु गराउनु पर्छ ।

६. योजना छनौट तथा कार्यान्वयन सम्वन्धि कार्यविधि वा निर्देशिका गराई कार्यान्वयनमा ल्याउनु पर्छ ।

७. जनप्रतिनिधिहरु, सम्बन्धित वडा सचिब र शाखा महाशाखा प्रमुखहरुलाई समय समयमा योजना तथा कार्यक्रम छनौट, खरिद तथा कार्यान्वयन प्रक्रिया र भुक्तानी प्रक्रिया तथा त्यस संग सम्बन्धित कानुनी पाटोको विषयमा अभिमुखिकरण तालिम दिन सुझाब पेश गर्दछौं ।

८. नगरले योजना बैंक बनाई त्यो भन्दा बाहिरबाट योजना तथा कार्यक्रम नल्याउने प्रथाको विकास गर्न सुझाब पेश गर्दछौं ।

९. नगरमा दर्ता भएका घ वर्णका निर्माण व्यवसायी र उपभोक्ता समितिको संस्थागत विकास गराउनु पर्ने देखिन्छ ।

१०. टोल विकास संस्था र लाभग्राही समुदायलाई नगरको विकास, समृद्धि तथा मर्मत संभार एवं संरक्षणमा समेत जोड्नु पर्ने देखिन्छ ।

११. नगरमा कार्यरत कर्मचारीहरुको पेशागत विकास गराउनु पर्ने देखिन्छ ।

१२. योजना छनौट गर्ने पहिलो प्राथमिकता आम नगरवासीलाई दिनु पर्छ नकि जनप्रतिनिधि वा कर्मचारीलाई जसबाट योजना /आयोजना प्रति आज जनताको अपवत्व स्वीकार्य हुन्छ । यसर्थ योजना तथा कार्यक्रमको छनौटमा लाभ लागतको विश्लेषण गर्ने संयन्त्र बनाई योजना छनौट, कार्यान्वयन र मर्मत सम्भार गरी दिगो रुपमा टीकाउ बनाउने कार्य सम्बन्धित जनतालाई सक्रिय बनाई मुख्य भूमिका दिने बलियो संयन्त्र नगरले बनाउनु पर्नेछ ।